बैठक नं.६३

आज मिति २०७७/०४/०१ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ११:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुम्मा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल्ल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी बराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

चित्र बहादुर गुरुङ, -कास्की वासिन्दा -

प्रस्ताव नं.६३.१

व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत सम्बन्धमा ।

निर्णय नं.६३.१

यस उपमहानगरपालिका क्षेत्रभित्र संचालन हुने व्यवसायहरुको दर्ता, नवीकरण, नियमन र खारेजी तथा व्यवसायहरुको वर्गीकरण सम्बन्धी विषयमा प्रक्रियागत स्पष्टता ल्याई व्यवसायमैत्री वातावरण निर्माण गर्न र व्यवसायकरलाई व्यवस्थित एवं प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि राजश्व परामर्श समितिबाट सिफारिस भै आएको उपमहानगरपालिकाको व्यवसायकर सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६३.२

सार्वजनिक खर्च मितव्ययिता सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत सम्बन्धमा ।

निर्णय नं.६३.२

नगरकार्यपालिका कार्यालयबाट तयार भई पेश हुन आएको सार्वजनिक खर्च मितव्ययिता सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६३.३

स्थानीय विकास कोष व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत सम्बन्धमा ।

निर्णय नं. ६३.३

बुटवल उपमहानगरपालिकाका वडा नं.१४ देखि १९ सम्मका वडाहरुमा संचालित स्थानीय विकास कोषको व्यवस्थापनका लागि नगरकार्यपालिका कार्यालयबाट तयार भई पेश हुन आएको बुटवल उमहानगरपालिकाको स्थानीय विकास कोष व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६३.३.४ विविध ।

प्रस्ताव नं. ६३.३.४.१

बार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा ।

निर्णय नं. ६३.३.४.१

नगरकार्यपालिका कार्यालयबाट तयार भई पेश हुन आएको चालु आ.व. ०७७/०७८ को बार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६३.३.४.२

आ.व.०७७/०७८ को नगर दररेट स्वीकृत सम्बन्धमा ।

निर्णयनं.६३.३.४.२

बुटवल उपमहानगरपालिकाको लागि आ.व.२०७७/०७८ को विकास निर्माणमा प्रयोग हुने बस्तु तथा सेवाको मूल्यमा एकरुपता कायम गर्न कानूनले तोके बमोजिम दररेट निर्धारण गरी लागु गर्नुपर्ने भएको हुँदा नगरस्तरीय न्यूनतम दररेट निर्धारण समितिले सिफारिस गरे बमोजिमको आ.व.०७७/०७८ को नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६३.३.४.३

बसटर्मिनल र हाटवजार सञ्चालन व्यवस्थापन सम्बन्धमा ।

निर्णयनं.६३.३.४.३

यस उपमहानगरपालिकाबाट निर्माण भई संचालनमा रहेको लुम्बिनी बस टर्मिनल र नगरक्षेत्रका विभिन्न स्थानमा लाग्दै आएका हाटबजारहरु कोरोना भाईरस (कोभिड-१९) का कारण संचालन हुन नसकि बन्द रहेको छ । नेपाल सरकारको निर्णय बमोजिम लकडाउन पूर्ण रुपमा खुलि नसकेको तर विभिन्न क्षेत्रमा आर्थिक गतिविधि समेत विस्तारै चलायमान हुदै गएको हुंदा सार्वजनिक यातायात संचालन भएपछि बस टर्मिनलको संचालन गर्न र विभिन्न हाटबजारहरुको संचालनका सम्बन्धमा सामाजिक र भौतिक दुरी कायमगरी स्वास्थ्य सजगता अपनाई अर्को व्यवस्थापन नभए सम्मका लागि २०७७।०४।१७ गते देखि अमानतमा संचालन व्यवस्थापनको प्रबन्ध मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं.६३.३.४.४**

**क्रमागत योजनाको म्याद थप सम्वन्धमा ।**

**निर्णय नं. ६३.३.४.४**

आ.व. २०७६।०७७ मा संचालन एंव कार्यान्वयनको कममा रहेका आयोजनाहरु COVID -19का कारण मिति २०७६।१२।११ देखि हालसम्म देश लकडाउनमा रहेकोले कतिपय योजनाहरु कार्यान्वयन हुन सकिरहेका छैनन् । तत्कालिन लकडाउनको अवस्थालाई मध्येनजर राखी नगरकार्यपालिकाबाट सम्पूर्ण आयोजनाहरुको मिति २०७७।०३।२५ सम्मका लागि म्याद थप गर्ने गरी निर्णय भएकोमा हाल वर्षातको समय, कामदार र निर्माण सामाग्रीको- अभाव लगायत विविध कारणहरुले गर्दा धेरै कार्यक्रमहरु उक्त समयमा पनि सम्पन्न भएनन् । संझौता भै कर्यारम्भ गरिसकेका कार्यक्रमहरु अधुरो छोड्दा एकातिर हालसम्मको लगानी खेर जाने अवस्था अर्कोतर्फ बांकी कामको पुनः नयाँ आ.व.को दररेट वमोजिम लागत अनुमान तयार गरी नयाँ प्रक्रियामा जादा थप व्ययभार, प्रक्रियागत झन्झट लगायतका समस्या पर्ने देखिन्छ । विश्वव्यापी फैलिएको कोरोना संक्रमणको कारण देशमा भएको लकडाउनले कावु वाहिरको विषंम परिस्थिति श्रजना भएको विद्यमान अवस्थामा म्याद थप गर्नु पर्ने वाध्यात्मक परिस्थिति सिर्जना भएकोले उपभोक्ता समिति र परामर्श सेवा मार्फत संचालित त्यस्ता आयोजनाहरुको हकमा मिति २०७७ मंसिर मसान्त भित्रमा कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने र निर्माण व्यवसायी बाट संचालित कार्यक्रमको हकमा लगडाउन अवधिलाई शुन्य अवधि मानी आवश्यकता र औचित्यताको आधारमा म्याद थप गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं.६३.३.४.५

वार्षिक कार्यसंचालन तालिका पारित सम्वन्धमा ।

निर्णय नं. ६३.३.४.५

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको चालु आ.व.२०७७/०७८ को स्वीकृत पूर्वाधार विकास निर्माण तर्फका योजनाहरु कार्यान्वयन गर्न निम्न अनुसारको वार्षिक कार्य संचालन कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

# वार्षिक कार्यसञ्चालन तालिका

## आ.व. २०७७/०७८

| | कार्यक्रम/ कियाकलापको विवरण | महिना | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | असार | |
| १ | चालु आ.व.का योजनाहरुको लगत ईष्टिमेट गर्ने | | ■ | ■ | ■ | | | | | | | | | |
| २ | उपभोक्ता समिति गठन गर्ने | | | ■ | ■ | | | | | | | | | |
| ३ | उपभोक्ता समितिलाई तालिम दिने | | | | | ■ | ■ | | | | | | | |
| ४ | उपभोक्ता समितिसंग संम्झौता गर्ने | | | | | ■ | ■ | ■ | | | | | | |
| ५ | ठेक्का प्रकियाबाट संचालन गर्ने योजनाहरुको सूचना प्रकाशन गर्ने | | ■ | ■ | ■ | | | | | | | | | |
| ६ | ठेक्का प्रकियाबाट संचालन गर्ने योजनाहरुको संभ्फौता गर्ने | | | | ■ | ■ | ■ | ■ | | | | | | |
| ७ | चौमासिक प्रगति प्रतिवेदन पेश गर्ने | | ■ | | | ■ | | | | ■ | | | | |
| ८ | कमागत योजनाहरु सम्पन्न गराउने | | ■ | ■ | ■ | ■ | | | | | | | | |
| ९ | चालु आ.व.का योजनाहरु सम्पन्न गर्ने | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | |
| १० | योजनाहरुको सुपरिवेक्षण , अनुगमन तथा फरफारक गर्ने | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | |
| ११ | आगामि वर्षको बजेट तथा योजना तर्जुमा | | | | | | | | | | ■ | ■ | ■ | |

नोट :-गत विगतका कमागत योजनाहरुको कार्य सम्पन्न गर्ने अन्तिम मिति २०७७।०८।३० सम्म हुने छ । साथै विशेष परिस्थितिमा आवश्यकता र औचित्यताको आधारमा उल्लेखित कार्यतालिकामा समय सापेक्षित संशोधन गर्ने अधिकार पूर्वाधार विकास समितिलाई हुनेछ ।